# सुपरिन्टेन्डेन्ट तथा डेनभर शिक्षाबोर्डको पत्र

प्रिय परिवारहरू,
तपाईंहरूलाई ज्ञातै छ, बितेका १५ महिनादेखि शिक्षक युनियनसँग सहमतिमा पुग्ने हामी भरमग्दुर प्रयास गरिरहेका छौँ। हडताल गर्ने यस मतबाट हामी निराश भएका छौँ र यसले हाम्रा बच्चाहरू, परिवारहरू र समुदायमा पार्ने अप्ठ्यारो प्रति चिन्तित छौँ। यद्यपि, हडतालको सम्भावनाप्रति हामीले तयारी गरिरहेका छौँ तथा हाम्रा विद्यार्थीहरूका लागि हाम्रा स्कूलहरू सिक्ने सुरक्षित स्थल भैरहून् भन्ने सुनिश्चित गर्न हामीले ध्यान दिइरहेका छौँ।

हामीले प्रश्नहरूको जबाफ दिन र परिवारहरूका लागि आवश्यक जानकारी प्रदान गर्न यो मार्गदर्शक तयार पारेका छौँ। हाम्रा स्कूलहरू खुल्ला राख्न, स्कूल खानाहरू प्रदान गर्न र समयमै स्कूल बसहरू चलाउन डिपिएस प्रतिबद्ध छ।

यदि तपाईंसँग अन्य प्रश्नहरू भए, हामी तपाईंलाई परिवार र सामुदायिक संलग्नता टोलीका कुनै सदस्यसँग कुरा गर्न सोमबारदेखि शुक्रबारसम्म बिहान ७:३० बजेदेखि दिउसो ५:३० बजेसम्म डिपिएस परिवार हेल्पलाइनमा ७२०-४२३-३०५४ मा फोन गर्न प्रोत्साहित गर्दछौँ। यदि आवश्यक भएमा उनीहरूले तपाईंले चाहेको भाषामा सम्पर्क स्थापित गर्नेछन्।

नियमित अपडेटहरूका लागि कृपया हाम्रो डिस्ट्रिक्ट वेबसाइट teacherstrike.dpsk12.org हेर्नुहोस् साथै फेसबुक Facebook र ट्विटर Twitter हेर्नुहोस्।

यस्तो कठिन समयमा हामीले सँगै काम गरिरहँदा तपाईंलाई धन्यवाद छ।

भवदीय,

**सुसाना कोर्डोभा**
सुपरिन्टेन्डेन्ट

**एन्न रो**
डिस्ट्रिक्ट १
बोर्ड अध्यक्ष

**बार्बारा ओ'ब्रायन**
एट-लार्ज (समग्रमा)
उपाध्यक्ष

**लिसा फ्लोरेस**
डिस्ट्रिक्ट ५
कोषाध्यक्ष

**क्यारी ए. ओलसन, पिएचडि**
डिस्ट्रिक्ट ३
सचिव

**एलेग्रा "ह्याप्पी" हेएन्स**
एट-लार्ज (समग्रमा)

[जेनिफर ब्याकन]
डिस्ट्रिक्ट ४

[एन्जेला कोबीयान]
डिस्ट्रिक्ट २

## बारम्बार सोधिने प्रश्नहरू

**हडताल के हो?**

हडताल त्यसबेला हुन्छ जब कर्मचारी युनियनका सदस्यहरूले विरोधस्वरूप काम गर्न मान्दैनन्, विशेषगरि आफ्ना मागहरू पूरा गराउन रोजगारदातामाथि दबाब दिन। डिपिएस र स्थानीय शिक्षक युनियनले – डेनभर कक्षाकोठा शिक्षक सङ्गठन (डेनभर क्लासरूम टिचर्स एसोसिएसन, डिसिटिए) – कठाकोठा शिक्षकहरू, विशिष्टिकृत सेवा प्रदायकहरू (जस्तै स्कूल परामर्शदाताहरू, मनोविज्ञहरू, नर्सहरू वा वाणी भाषा प्याथोलोजिस्टहरू) र डिस्ट्रिक्टहरूबीच कार्य सहमतिका सर्तहरू नियमित सम्झौता गर्छन्।

२०१८ को सुरुबाटै, डिपिएस र डिसिटिएले प्रोकोम्प सहमतिमा सम्झौता गर्ने प्रयास गरिरहेको छ जुन उच्च-निर्धनता स्कूलहरू वा स्टाफ-कठिन पदहरूमा सेवा गरेबापत शिक्षकहरूलाई बोनस दिने पारितोषिक (पुरस्कार, क्षतिपूर्ति) पद्धति हो। दुवै पक्षहरूले सहमतिमा पुग्न अथक परिश्रण गरेता पनि, युनियनका सदस्यहरूले प्रस्तावित करार (सहमति) स्वीकार नगर्ने मत जाहेर गरे र हडताल गर्ने निर्णय गरे, जसको अर्थ केही शिक्षक (शिक्षा-प्रदायक) हरूले विरोधस्वरूप काम गर्न बन्द गर्नेछन् जबसम्म उनीहरूले डिसिएससँग सहमति गर्दैनन्। आफ्नो हडतालको अंशका रूपमा स्कूल भवन बाहिर धर्ना दिन वा विरोध गर्न युनियनका सदस्यहरू जम्मा हुन सक्नेछन्। सावधानीका रूपमा अतिरिक्त सुरक्षा तयार रहनेछ।

**हडताल भयो भने के विद्यार्थीहरूले स्कूल आउनुपर्नेछ?**

हो, आउनुपर्नेछ। सामान्य समयमा हाम्रा सबै स्कूलहरू खुला रहनेछन्। विद्यार्थीहरूले सधैँझैं स्कूल आउनुपर्नेछ।

**के मेरो विद्यार्थीलाई स्कूल पठाउनु सुरक्षित हुन्छ?**

हुन्छ। स्कुल अवधिभरि विद्यार्थीहरू सुरक्षित रहून् भन्ने कुरा निश्चित गर्न हरेक स्कूल परिसरमा डिपिएस स्टाफहरू उपस्थित हुनेछन्। विरोधहरू वा धर्ना भएका बेला स्कूल भवनहरूमा सहज पहुँच सुनिश्चित गर्नका लागि डिपिएस सुरक्षा टोली सदस्यहरू स्कूल नेतृत्वकर्ताहरूसँग काम गरिरहेका छन्।

**के मेरो स्कूलको तालिका परिवर्तन हुनेछ?**

हुनेछैन। स्कूलको तालिका त्यही रहनेछ – यसमा स्कूल अघि र पछिका डिस्कभरी लिङ्क र यसका समृत्तिकरण कार्यक्रमहरू पनि सामेल छन्। स्कूल खाना र स्कूल बस यातायातले पनि सामान्य तालिका नै पालना गर्नेछन्।

**हडताल भएका बेलामा के विद्यार्थी पढाइ हुनेछ?**

हुन्छ। प्रामाणिक अतिथि शिक्षकहरू र पुनर्नियुक्त प्रशासकहरूसहित योग्य डिपिएस स्टाफहरू हडतालका बेला शिक्षण प्रदान गर्न स्कूलमा हुनेछन्। अतिथि शिक्षकहरूले विद्यार्थीहरूलाई उच्च गुणस्तरका पाठहरू पढाउन सकून् भन्नका लागि हामीसँग ग्रेड- तथा विषय- विशिष्ट पाठयोजनाहरू हुनेछन्। विद्यार्थी-शिक्षक अनुपात वा पाठ्यक्रमको निरन्तरता जस्ता विशेष सरोकारका प्रश्नहरूका लागि बढी जानकारी प्राप्त गर्न आफ्नो स्कूलमा सम्पर्क राख्नुहोस्।

**के स्कूलले खाना प्रदान गर्न जारी राख्नेछ?**

राख्नेछ। तपाईंको स्कूलको खाद्य सेवाले सधैँझैं खाना प्रदान गर्ने काम जारी राख्नेछ।

**के हडतालको अवधिमा स्कूल बसहरू चलिरहनेछन्?**

राख्नेछ। यातायात सेवा परिवर्तन हुनेछैन र तालिका अनुसारनै तिनले विद्यार्थीहरूलाई ओसारपसार गरिरहनेछन्।

**के हडतालको अवधिमा अन्य स्कूल अघि र पछिका क्रियाकलापहरू हुनेछन्?**

यसका लागि कृपया आफ्नो स्कूलमा सम्पर्क राख्नुहोला, किनभने यी स्कूल अनुसार फरक पर्न सक्नेछन्।

**यदि मेरो बच्चाको विशेष आवश्यकता छ र उसले स्कूलमा विशेष सेवाहरू प्राप्त गर्छ भने के हुन्छ?**
हडतालको अवधिमा स्टाफको व्यवस्था गरेको हुँदा विशेष आवश्यकता भएका बच्चाहरूका लागि हामीले प्राथमिकीकरण गरिरहेका छौं। यदि तपाईंको बच्चासँग व्यक्तिकृत शिक्षा कार्यक्रम (आइइपि), ५०४ योजना वा अन्य आवश्यकताहरू छन् भने, तपाईंको स्कूलले तपाईंसँग सम्पनर्क गरेर प्रदान गरिएका सेवाहरू छलफल गर्नेछ।

## हडतालको लागि कसरी तयारी गर्ने

**आफ्नो जानकारी अद्यावधिक गर्नुहोस्**
अभिभावक पोर्टलमा  लगइन गरेर वा आफ्नो स्कूलको सम्पर्क कार्यालयमा सम्पर्क गरेर आफ्नो सम्पर्क जानकारी अपटुडेट रहेको कुरा निश्चित गर्नुहोस्, जसले गर्दा तपाईंको स्कूलले अनपेक्षित परिवर्तनहरू हुँदा तपाईंलाई सूचीत गर्न सकोस्। आमाबाबुहरू, अभिभावकहरू र अन्य आकस्मिक सम्पर्कहरूका लागि तपाईंको स्कूललाई अपडेट गरिएका फोन नम्बरहरू, इमेलहरू र घरका ठेगानाहरूको आवश्यकता पर्दछ। **फेरि, आफ्नो स्कूलसँग आफ्नो बच्चाका औषधिहरूको अद्यावधिक सूची भएको निश्चित गर्नुहोस्।**

**सूचीत रहनुहोस्।**
डिपिएसले हाम्रो वेबसाइट teacherstrike.dpsk12.org, का साथै सामाजिक सञ्जाल, इमेल र रेकर्ड गरिएका फोन सन्देशहरूमार्फत पछिल्लो डिस्ट्रिक्टब्यापी जानकारी प्रदान गर्नेछ। आफ्नो परिवारका लागि सबैभन्दा विशिष्ट जानकारीका लागि आफ्नो स्कूलबाट प्राप्त हुने सञ्चारमा राम्रो ध्यान दिन हामी तपाईंलाई प्रोत्साहित गर्दछौं।

**संलग्न हुनुहोस्।**
कक्षाकोठामा वा खेल मैदानमा मद्दत गर्नका लागि तपाईंले आफ्नो स्कूलमा स्वयम्सेवा गर्न सक्नुहुन्छ। बढी जानकारीका लागि आफ्नो स्कूलको सम्पर्क कार्यालयमा वा ७२०-४२३-३०५४ मा सम्पर्क राख्नुहोस्।

## हडतालका विषयमा आफ्ना बच्चाहरूसँग कसरी कुरा गर्ने

यदि शिक्षकहरूले हडताल गरे भने, के हुँदैछ भन्ने विषयमा आफ्ना बच्चाहरूसँग कुरा गर्न समय लिनुहोस् किनकि यो अनुभव उनीहरूका लागि अस्पष्ट वा भ्रामक हुनसक्छ। यी महत्त्वपूर्ण वार्तालापहरूमा तपाईंलाई मद्दत गर्न, हामीले मद्दत पुग्ने केही सुझावहरू राखेका छौं। बच्चाहरू अलमलिएका वा चिन्तित हुनसक्छन्। उनीहरूसँग कुरा गर्न र उनीहरूका चासोहरू सुन्न निश्चित गर्नुहोस्।

हडताल के हो भन्नुहोस् (पृष्ठ २ हेर्नुहोस्), तथा हडताल अस्थायी हो र हडताल सकिएपछि शिक्षकहरू आफ्नो काममा फर्किनेछन् भनी बुझाउनुहोस्।

आआफ्नो स्कूलको काममा ध्यान दिन आफ्ना विद्यार्थीहरूलाई प्रोत्साहित गर्नुहोस्।

**एलिमेन्टरी ग्रेड-तहका सुझावहरू:**
आफ्ना साना बच्चाहरूसँग कुरा गर्दा, व्याख्या साधारण बनाउनुहोस्। बच्चाहरूलाई उनीहरूले केही गलती नगरेको, वयस्कहरूबीच कहिलेकाहीं असहमति हुने र त्यसका लागि उनीहरूले समस्या समाधान गर्ने काम गर्ने कुरामा आश्वस्त बनाउनुहोस्।

**सेकेन्डरी ग्रेड-तह सुझावहरू:**
दुई पक्षहरू भएको कुरा बताउनुहोस्: डिसिटिए र स्कूल डिस्ट्रिक्ट, र उनीहरू दुवैले सबैका लागि निष्पक्ष सहमतिमा पुग्न कोसिस गरिरहेको कुरा बताउनुहोस्। हडतालमा संलग्न भएका मुद्दाहरूका विषयमा आफ्नो बच्चासँग कुरा गर्न यस परिस्थितिको प्रयोग गर्नुहोस्।

## उपयोगी स्रोतहरू

### परिवार हेल्पलाइन

- ७२०-४२३-३०५४
- बिहान ८ देखि दिउसो ४:३०, सोमबारदेखि शुक्रबार सम्म

### अनलाइन स्रोतहरू

- www.dpsk12.org
- Facebook
- Twitter